# भेजा : मगर जातिको प्रथाजनित प्रणाली

डा. मिन बहादुर श्रीस

**लेखसार**

*मगर जातिको परम्परागत प्रमुख संस्था 'भेजा' लाई भेजा, गुठ, तिसर, झोम्जे वा गुठी को नामले पनि चिनिन्छ । कृषि युगको प्रारम्भमा मगर जातिका स-साना पारिवारिक झुण्डहरूले पशुपालनका साथै खोरिया खेती प्रणाली अपनाएर जीवन निर्वाह गर्ने क्रममा रीतिथिति बसाल्ने र समूहको व्यवस्थापन गर्ने उद्देश्यले प्रथाजनित संस्था भेजा स्थापना गरेको मानिन्छ । नेपाली इतिहासको मध्यकालसम्म मगरातमा भेजाले परम्परागत शासन व्यवस्थाको भूमिका निर्वाह गर्दथ्यो । खस साम्राज्यको विस्तारसँगै भेजाको राजनीतिक भूमिका सीमित हुँदै गएर नेपाल एकिकरण पश्चात सामाजिक र सांस्कृतिक भूमिकामा मात्र क्रियाशिल हुन पुग्यो । एकीकरण पछिको उमरा/मुखिया तथा २०१७ सालपछिको पञ्चायत प्रणालीले भेजालाई गाउँ-टोलको गामपूजा सम्पन्न गर्ने एवं जीवनचक्रीय संस्कारजन्य कार्यमा आपसी सहयोग जुटाउनेजस्ता धार्मिक तथा सांस्कृतिक भूमिकामा सीमित थियो । वि.सं. २०३० को दशकपछि पहाडबाट तराई एवं सहर केन्दित बसाइँसराइँ, पेशा व्यवसायमा रूपान्तरण, आधुनिक प्रविधिको व्यापक प्रयोग र विश्वव्यापिकरणका कारण भेजा ओझेलमा पर्दै गएको छ ।*

**शब्दकुञ्जी**

गुठ, तिसर, झोम्जे घरकुरिया, तिसर, देशउरे, बारना, भेजा, मिझार ।

## १. पृष्ठभूमि

मानव उत्पत्ति र सभ्यता विकासका क्रममा मानिसले आफ्नो अनुभवका आधारमा अनेकौं चुनौतीहरूको सामना गर्दै जाँदा नयाँनयाँ उपाय तथा विकल्पसम्बन्धी ज्ञान र सीप हासिल गऱ्यो । प्रकृति र प्राकृतिक स्रोतको उपादेयताको विषयमा खोजी गर्ने क्रममा धर्म, ज्ञान, कला, प्रथा, दर्शन, वास्तुकला, सामाजिक विश्वास, मूल्य-मान्यता आदिको विकास गर्न सफल भयो । तिनै ज्ञान तथा सामाजिक मूल्य-मान्यताहरूको नियमन, व्यवस्थापन र निरन्तरताका लागि समाजमा परम्परागत संस्था एवं प्रथाजनित कानूनहरूको विकास गरियो । खास गरी शिकार युगबाट कृषि युगमा प्रवेशसँगै आर्थिक, सामाजिक तथा धार्मिक क्रियाकलाप सम्पन्न गर्न परम्परागत संस्थाहरू अस्तित्वमा आएका हुन् । समाजद्वारा आधारभूत आवश्यकता परिपूर्तिका लागि विकास गरिएका नियम तथा कार्यप्रणालीको व्यवस्था नै परम्परागत संस्था हो । यस्ता संस्थाहरूले समाजलाई भातृत्व र एकताको सूत्रमा बाँध्ने तथा सामाजिक मूल्य-मान्यताअनुसार नियन्त्रित अवस्थामा कायम राख्ने अर्थात नियमन (govern) गर्ने कार्य गर्दछ । आधुनिक राज्य प्रणालीको विकास हुनुभन्दा अगाडि संसारभरिका मानव समुदायलाई प्रथाजनित संस्था र प्रथाजनित कानूनले नै सुव्यवस्थित बनाउन मद्दत गरेको थियो । विश्वभरका ९० देशमा बसोबास गर्ने

करिब ३७ कारोडभन्दा बढी आदिवासी जनजाति समुदायमा अहिले पनि कुनै न कुनै रूपमा त्यस्ता परम्परागत संस्थाहरू र प्रथाजनित कानूनहरू क्रियाशील रहेको पाइन्छ । नेपालका आदिवासी जनजाति समुदायले पनि उनीहरूका प्रथाजनित संस्थाहरूलाई कुनै न कुनै रूपमा जिवित राखेको पाइन्छ । उदाहरणका लागि मगर जातिको भेजा/गुठ, थारू जातिको बरघर/भलमन्सा, तामाङको चोहो, शेर्पाको नावा, नेवारको गुठी, सन्थालको माजीवारङ, माझीको मझेसेवा, ह्योल्मोको ह्युलठिम, गुरुङको काब्रा/नालसभा, लिम्बू, राई, याख्खा, सुनुवार लगायत समुदायको किपट (सन् १९६१ मा यो प्रथा उन्मुलन), मुस्ताङको घम्प (मुखिया), स्याङतान पोसाङ (ह्युल झोम्पा), मिर्चाङ र ढिकुर, खुम्बु क्षेत्रको सिन्धा नेवा, मनाङको ढावा स्यास्पा, निथेन आदि परम्परागत संस्थाहरू क्रियाशील रहेको पाइन्छ (यात्रु, २०७८: १११, २१४ र लामा, २०७७: २९) ।

## २. परम्परागत शासन प्रणालीको अवधारणा

मानवशास्त्रीय सिद्धान्तअनुसार सामाजिक राजनीतिक (शासन प्रणालीको) विकासक्रमा सबैभन्दा पहिले नातेदारी समूह (band society) अस्तित्वमा आयो । त्यसपछि क्रमशः जनजाति (tribal) समूह, गणराज्य (chiefdom) हुँदै राज्य (state) को विकास भएको हो । नातेदारी समूह र जनजाति समूहलाई परम्परागत शासन प्रणालीको अत्यन्त सरल, समतावादी (egalitarian) र प्रारम्भिक स्वरूप मानिन्छ । गणराज्यलाई जनजाति समूहभन्दा बढी जटिल र राज्यभन्दा कम जटिल सामाजिक-राजनीतिक सङ्गठनको रूपमा लिइएको छ । गणराज्यहरू श्रेणीबद्ध (ranked) र स्तरीकृत (stratified) विशेषतामा आधारित रहेका थिए । सांस्कृतिक विकासको सामान्य सिद्धान्तअनुसार गणराज्यहरूलाई राजनीतिक नेतृत्व, केन्द्रीकृत निर्णय-निर्धारण, आर्थिक अन्तरनिर्भरता र सामाजिक पदानुक्रमको स्थायी र संस्थागत स्वरूपमा चित्रण गरिएको छ । गणराज्य प्रमुखलाई जनजाति समूहको नेता (big man/tribal chief or chieftain/headman) को रूपमा लिइएको छ । गणराज्यहरू राजनीतिक सङ्गठनको एक सामान्य रूप हो जुन विश्वभरका ऐतिहासिक तथा समकालीन समाजहरूमा क्रियाशिल थिए र छन् । मानवशास्त्रमा गणराज्यलाई सामाजिक राजनीतिक सङ्गठनको एउटा आदर्श र स्थायी संरचनाको रूपमा मानिएको छ जसमा एउटा व्यक्ति वा समूहले धेरै समुदायहरूमा राजनीतिक र आर्थिक शक्तिको अभ्यास गर्दथे । गणराज्यको प्रमुखमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जनजातिका सदस्यहरूबाट निर्वाचित हुने गर्दथ्यो । केही अपवाद बाहेक अधिकांशमा पुरुषको नेतृत्व हुने गर्दथ्यो । मानवशास्त्री रोबर्ट एल कार्नेरो (सन् १९८१) ले गणराज्य (chiefdom) लाई एक सर्वोत्कृष्ट प्रमुखको स्थायी नियन्त्रणमा रहने एक स्वायत्त राजनीतिक एकाइ हो जसले गाउँहरू वा समुदायहरू समावेश गर्दछ भनेका छन् । डेभिड जी. एन्डर्सन (सन् १९९६) ले गणराज्यको सङ्गठन र नियन्त्रणको पदानुक्रम (Organization of Chiefdoms and Hierarchy of Control) को बारेमा उल्लेख गरेका छन् । उनले गणराज्यलाई सामान्य, जटिल र सर्वोच्च गरी तीन तहमा वर्गीकरण गरेका छन् । सामान्य (simple) गणराज्यमा दुई-तीन समुदायहरूलाई समेटेर एक जना प्रमुख चयन गरिएको हुन्थ्यो । जटिल (complex) गणराज्यमा दुई वटा सामान्य गणराज्यहरूलाई नियन्त्रण गर्ने अर्को शक्तिशाली नाइके हुन्थ्यो । उक्त शक्तिशाली नाइकेले आफू अन्तर्गतको तीन-चार समुदायहरूका अतिरिक्त अन्य दुई गणराज्यहरूलाई पनि नियन्त्रण गरेको हुन्थ्यो । जटिल गणराज्यमा दुई तहको निर्णय प्रक्रिया हुने गर्दथ्यो । सर्वोच्च (paramount) गणराज्यमा दुई वा तीन तहको निर्णय प्रक्रिया हुन्थ्यो । यस्तो गणराज्यको प्रमुखले आफूअन्तर्गतका समुदायहरूका अतिरिक्त चार-पाँच वटा सामान्य गणराज्यहरू माथि प्रत्यक्ष र अप्रत्यक्ष रूपमा शासन सञ्चालन गर्दथ्यो । पिरामिड स्वरूपको यस प्रकारको गणराज्यमा सर्वोच्च प्रमुख (paramount

chief) भन्दा तल साना प्रमुखहरू (petty chiefs) हुन्थे । ती अधीनस्थ गणराज्यहरू अर्ध-स्वायत्त (semi-autonomous) हुन्थे ।

नातेदारी समूह र जनजाति समूहमा आधारित प्रारम्भिक स्वरूपको परम्परागत शासन प्रणालीको उदाहरण बाह्य समाजको सम्पर्कबाट अलग रहेका (indigenous peoples in voluntary isolation) र अर्धसम्पर्कमा रहेका जनजातिहरूमा अहिले पनि अभ्यासमा रहेको पाइन्छ । संयुक्त राष्ट्रसङ्घको इन्टर अमेरिकन कमिशन अन ह्युमन राइटले बाह्य सम्पर्कमा आउन नचाहने करिब १००–२०० जनजाति समूहका १० हजार जनसङ्ख्या रहेको अनुमान गरेको छ । यस्ता समूहहरू अधिकांश दक्षिण अमेरिकाको ब्राजिलको उत्तरी भूभागका घना वनक्षेत्रमा रहेका छन् । त्यहाँ करिब ७७ देखि ८४ जनजाति समूहहरू (tribes) रहेको मानिन्छ । भारतको युनियन टेरिटोरी अन्डमान एण्ड निकोबार टापुको उत्तरी भेगमा रहेका ग्रेट अन्डमानिज, अङ्गे, जारावा, सेन्टेनेलिज र शोम्पेन जनजातिमध्ये सेन्टेनेलिज जनजाति अहिलेसम्म पनि बाह्य समाजको सम्पर्कभन्दा अलग रहेको छ । यस्ता समुदायहरूमा शासन प्रणालीको प्रारम्भिक चरणको अभ्यासले निरन्तरता पाइरहेको छ । अर्धसम्पर्कमा रहेका जनजातिहरूमा प्रारम्भिक स्वरूपको परम्परागत शासन प्रणालीभन्दा एक तह माथिल्लो मानिएको गणराज्य (chiefdom) जस्तो प्रणालीको अभ्यास हुने गरेको पाइन्छ । बाह्य समाजसँग सामान्य सम्पर्कमा रहे पनि आफ्नै परम्परागत भिन्न पहिचानमा रहेका हवाई, मचेल, माया आदिका साथै जाम्बियाका जनजातिमा यस्तो अभ्यासले निरन्तरता पाइरहेको छ । नेपालको सन्दर्भमा राउटे जातिमा यस्तो अभ्यास पाइन्छ । करिब १४० जनसङ्ख्या रहेको घुमन्ते जनजाति (nomadic tribes) राउटेले छोटो समय बसोबास गर्दै विचरण गर्ने डडेलधुरा, अछाम, कालिकोट, दैलेख, जाजरकोट, सुर्खेत, सल्यान, दाङ आदि वनक्षेत्रलाई आफ्नो परम्परागत स्वायत्त राज्य (autonomous chiefdom) मान्ने गर्दछ । यसलाई सरल गणराज्य (simple chiefdom) को रूपमा लिन सकिन्छ । राउटेभित्र कल्याण, रास्कोटी र सुर्यवंशी गरी तीन प्रकारका नाता समूह (kin groups) रहेका छन् । प्रत्येक समूहमा एक-एक जना मुखिया र सिङ्गो राउटे समुदायमा एक जना महामुखिया रहने व्यवस्था गरिएको पाइन्छ । महामुखियाको नेतृत्वमा साना मुखियाहरू र सिङ्गो समुदायलाई नियमन गरिएको हुन्छ । परम्परागत शासन प्रणालीसम्बन्धी मानवशास्त्रीय अवधारणाको आधारमा राउटे समुदायका अतिरिक्त नेपालका अन्य आदिवासी जनजाति समुदायहरूमा अभ्यास हुँदै आइरहेका केही प्रथाजनित संस्थाहरूलाई पनि तत्कालीन गणराज्य (chiefdom) को अवशेषको रूपमा व्याख्या गर्न सकिने देखिन्छ । ऐतिहासिक मगरात भनिने वर्तमान गण्डकी र लुम्बिनी प्रदेशको आदिवासी मानिएको तथा नेपालका आदिवासी जनजाति समुदायहरूमा सबैभन्दा धेरै जनसङ्ख्या रहेको मगर जातिले निरन्तर अभ्यास गर्दै आइरहेको 'भेजा' लाई प्राचीन र मध्यकालीन नेपालको परम्परागत शासन प्रणालीको एउटा महत्त्वपूर्ण अङ्गको रूपमा लिन सकिन्छ ।

## ३. मगर गणराज्य भेजा

नेपालमा राज्यको विकास गोत्र-कुटुम्ब समूह (band) बाट विकसित मुखिया प्रणाली हुँदै सामन्तीप्रथामा सङ्क्रमित भएको मानिन्छ । नेपालका प्रारम्भिक शासकवंश गोपाल, महिषपाल र किराँतलाई वंशावलीमा वर्णन गरिएकै आधारमा राजतन्त्रात्मक भनिए पनि राजतन्त्रात्मक शासन व्यवस्थाका आधार र कारणहरूको विश्लेषण गरिएको छैन (खत्री, २०५५: २९३-२९४) । बुद्धकालीन नातेदारी समूह (band society) र जनजाति (tribal) समूहका परम्परागत शासन प्रणाली शाक्य, कोलिय, कोसल, बज्जी, मल्ल आदि गणराज्यहरू

(chiefdom) लाई पनि राजतन्त्रका रूपमा चर्चा गरिएको छ । मानवशास्त्रीहरूले गणराज्यहरूलाई तिनीहरूको दायराको आधारमा राज्यविहीन, राज्यजस्तो वा प्रारम्भिक राज्य प्रणाली वा संस्थाको रूपमा चर्चा गरेको पाइन्छ । गणराज्यका प्रमुख एवं तिनका नाता परिवारहरू सामान्य समूहको तुलनामा राजनीतिक-वैचारिक हिसाबले शक्तिशाली र अभिजात वर्गमा हुने भएकाले गणराज्यहरू र प्रमुखहरूलाई कहिलेकाहीं राज्यहरू र राजाहरूको रूपमा वर्णन गरिएको पाइन्छ । कहिलेकाहीँ राजतन्त्रको प्रतिनिधि वा क्षेत्रीय शासक वा स्थानीय सरकारको रूपमा पनि बुझिएको पाइन्छ । ऐतिहासिक मगरातका परम्परागत शासन प्रणाली भेजा/गुठलाई पनि अधिकांश इतिहासकारहरूले राज्य र राजाको रूपमा वर्णन गरेका छन् । इतिहासविद् योगी नरहरिनाथ (२०३६) का अनुसार अखण्ड हिमवत्खण्डको महान् गण्डकीमण्डल अर्थात् गण्डकीनगमालिकालाई महर्लोक भनिएको छ । त्रिशुलीमा ढल्ने पानी ढलादेखि कालीगण्डकीमा ढल्ने पानी ढलो मगरात गण्डकी प्रदेश हो । महाराजिक देवमानव वंशका मगर जातिको राज्य हुनाले सप्तगण्डकी प्रदेशलाई मगरात पार्कोट इत्यादि नामले पुकारिन्छ । अघि मगर राजा २२० थिए । अन्तमा १२ भाइ मगर राजा शेष रहेको बेलामा बाह्र मगरात भन्ने प्रसिद्धि भयो (पृ. ६) । इतिहासकार राजाराम सुवेदी (२०४५) का अनुसार मगरात पार्कोट भनिने सप्तगण्डकी प्रदेशमा विगत इतिहासकालमा २२० वटा मगरै मगरका राजाहरू थिए । तिनीहरूलाई ररै टाकुरे राजा भनिन्थ्यो । मगर भाषामा 'रयो' तथा 'रै' शब्दले राजालाई बुझाउने हुँदा टाकुरे राजाहरू भन्नुपर्दा ररै टाकुरे राजा भनिन्थ्यो (पृ. ५२) । सूर्यबहादुर घर्ती क्षत्री (२०६७) का अनुसार सेन राज्य लगायतका चौबिसी राज्यहरूको उदयअगाडि यस क्षेत्रमा थुमैपिच्छे राजा वा मुखिया, टाकुरा पिच्छे कोट र कोटपिच्छे किल्ला रहेको बुढापाकाहरूको भनाइ अझै पनि सुन्न पाइन्छ । थुम राज्यहरू भुरे टाकुरे राज्यको नामले पनि चिनिन्छन्, जसको नामबाट तिनीहरू साना रहेको र पहाडको टाकुरामा बसोबास गर्दथे भन्ने कुरा बुझिन्छ । मगरहरूको त्यस्ता थुम राज्यहरूको ऐतिहासिक प्रमाणहरूको अभाव भएकोले तिनीहरूको राजनीतिक गतिविधि किंवदन्तीमा मात्र सीमित भएको पाइन्छ (पृ. ३६) । काश्मीरका प्रसिद्ध इतिहासकार कल्हणद्वारा लिखित राजतरंगिनीमा लिच्छविकालको उत्तरार्द्धमा काश्मीरका राजा जयापीडले आक्रमण गर्न आउँदा गण्डकी प्रदेश मगरातका मगर राजा अरमुड्डीले उनलाई पक्रेर काली गण्डकी किनारको गिरी दुर्गमा थुनेको विवरण पाइन्छ (श्रेष्ठ, २०५९: ६-९) । बी. आर. अर्याल र भी. एम. इन्च्ले (सन् २००५) को 'म्याप अफ नेपाल: हिस्टोरिकल, एथ्नोग्राफिक, लिङ्ग्वीस्टीक' मा मध्यकालको अन्त्यतिर (इस्वीको अठारौं शताब्दी) ऐतिहासिक मगरातका चौवीसी राज्यहरू मध्ये इस्मा, मुसीकोट, अर्घा, स्याङ्जा, भीरकोट, गह्रूँ, घिरिङ, रिसिङ र बलिहाङ राज्यमा मगर राजा रहेको उल्लेख गरिएको छ (पृ. १४ र १६) ।

इतिहासकार सूर्यमणि अधिकारीका अनुसार इसाको पाँचौ शताब्दीतिर पश्चिम नेपालमा खशहरूको प्रवेश हुँदा मगरातमा मगर मुखियाहरूको शासन थियो (अधिकारी, २०६१: १९५-१९६) । लिच्छविकालको उत्तरान्तमा विकास भएको नेपाल मण्डलको अवधारणाअनुसार मगरातका मग्वरविषय, धवलस्रोतपुरविषय र गण्डीगुल्मविषयहरूमा सामन्त वा महासामन्तका रूपमा मगर विषयपतिहरूले शासन चलाउँदथे । केन्द्र (काठमाडौं) का शासकहरू कमजोर हुँदा विषय (जिल्ला) का सामन्त शासकहरू स्वतन्त्र भई आफूलाई 'महासामन्ताधिपति महासामन्त' भनी राजा बन्ने प्रयास गरेका प्रमाणहरू भेटिएका छन् (सुवेदी, २०६३: ९) । इतिहासकार सूर्यमणि अधिकारीले उल्लेख गरेको मगर मुखिया शासन र लिच्छविकालीन नेपाल मण्डलको अवधारणा अन्तर्गतका विषयपति शासनलाई मगरातमा प्रचलित भेजा वा गुठको रूपमा रहेका गणराज्यहरू (chiefdoms) भएको बुझिन्छ । मगर जातिको राजनीतिक इतिहासलाई केलाउने हो भने मगरातलाई एउटा राजनीतिक भूगोलको रूपमा लिन सकिने स्पष्ट आधारहरू पाइँदैनन् । तत्कालीन गण्डकी प्रश्रवणक्षेत्रमा राजाको अवधारणा विकास नभएको देखिन्छ । मगर जातिको वर्तमान विशेषता समानतावादी (egalitarian) तथा केन्द्रीकृत र व्यक्तिवादी सत्ता विपरितको देखिनुले ऐतिहासिक मगरात क्षेत्रमा मगरहरूको राजतन्त्रात्मक शासन व्यवस्थाको अस्तित्व थियो भन्न सकिदैन । रामनिवास पाण्डे (सन् १९९७) ले बाह्र मगरातलाई मगरहरूको

सङ्घ (league) भनेका छन् । ती सङ्घमा सतहूँ, पैयूँ, भीरकोट, ढोर, गरहूँ, रिसिङ, घिरिङ, गुल्मी, अर्घा र खाँची थिए (सूचना विभाग, २०३१: ७७३) । खास गरी उत्तर भारतमा इसाको एघारौं बाहौं शताब्दीतिर मुस्लिम आक्रमण बढेपछि राजपुतहरूको पहिलो समूह र चौधौं शताब्दीको प्रारम्भतिर दिल्लीका सुल्तानले चित्तौरगढमा आक्रमण गरेपछि राजपुतहरूको अर्को समूह पश्चिम नेपालको पहाडी क्षेत्रमा प्रवेश गर्ने क्रममा राजतन्त्रको अवधारणा विकास हुनथालेको अनुमान गर्न सकिन्छ । यसै क्रममा मगर जातिका मिझार/तिसार/मुखियाहरूमा पनि वंश परम्परामा आधारित राजतन्त्रात्मक व्यवस्थाको प्रभाव पर्न गयो । त्यसपछि गण्डकी प्रश्रवणक्षेत्रका भेजा, गुठ, तिसर आदि नामका प्रथाजनित शासन प्रणाली अर्थात् गणराज्यहरू (chiefdoms) लाई राज्य र तिनका नाइके 'मिझार/तिसार/मुखिया' (chief) लाई राजा भन्न थालियो । मगर समाजमा प्रचलित लोकगीतिनाट्यगाथा घाँटु, मारुनी (सोरठी, गोपीचन आदि) मा उल्लेखित मगर राजाहरू पनि मगर गणराज्य भेजाका नाइकेहरू भएको बुझिन्छ ।

नेपाल एकीकरणको थालनीको रूपमा लिइएको लिगलिगकोट र माझकोट (वर्तमान गोरखा दरबार रहेको स्थान) राज्यको इतिहासलाई केलाउने हो भने राज्य (state) भन्न मिल्ने कुनै पनि आधार पाउन सकिँदैन । इतिहासकार बालचन्द्र शर्मा (२०३३) का अनुसार गोरखाको लिगलिगमा घले थरका मगर राजाले राज्य गर्दथे । यिनीहरूमा प्रतिवर्ष आफ्नो राजा छान्ने अनौठो प्रचलन थियो । प्रत्येक दसैँको टिकाका दिन राज्यका मानिसहरू एक ठाउँमा भेला हुन्थे । त्यहाँबाट दौडेर जुन व्यक्ति सर्वप्रथम लिगलिगकोटमा पुग्थ्यो त्यो नै एक वर्षका लागि राजा हुन्थ्यो । यही मौका पारेर लमजुङका राजा यशोब्रह्मका छोरा द्रव्य शाहको फौजले निशस्त्र भेला भई दौड प्रतियोगितामा लागेका लिगलिगेहरू माथि अचानक आक्रमण गऱ्यो । दुवै पक्षबीच साधारण युद्धपछि द्रव्य शाहले लिगलिग कब्जा गरेर त्यहाँका राजा बने । त्यसपछि उनले तत्कालै खड्का मगर राजा रहेको माझकोटमा आक्रमण गरे (पृ. २१०) । लिगलिग नामक एउटा सानो डाँडो (थुम) को केही गाउँबस्तीहरूलाई समेटेर बनेको साधारण गणराज्य (simple chiefdoms) जहाँ हरेक वर्ष दौड प्रतियोगिताका माध्यमबाट वाङ (नाइके/प्रमुख) चुन्ने परम्परा थियो । त्यो राज्य नभएर मगर जातिको परम्परागत संस्था वा शासन प्रणाली भेजा/गुठ भएको प्रष्ट हुन्छ । नेपालको इतिहासमा मध्यकालीन वाइसी र चौवीसी राज्य भनेर उल्लेख गरिएका कतिपय राज्यहरूको भूक्षेत्र र जनसङ्ख्या वर्तमान गाउँपालिकाको वडाको भन्दा पनि सानो रहेको थियो । बाइसी राज्यमध्येको बाँफी राज्यमा २०० घरकुरिया तथा चौवीसीमध्येका सल्यान र धुर्कोट राज्यमा ७०० एवं रिसिङ राज्यमा ६०० घरकुरिया रहेका थिए (सुवेदी, २०५५: ११७) । त्यस कारण ती राज्य नभएर गणराज्यहरू भएको प्रष्ट हुन्छ । वीरशमशेरले वि. सं. १९५२ मा नेपाललाई ३५ जिल्लामा विभाजन गर्दा मध्यकालीन चौवीसी राज्यहरू मध्येका पाल्पा, गुल्मी, अर्घा, खाँची, इस्मा, मुसिकोट, धुर्कोट, गलकोट र पर्वतलाई ९ जिल्ला कायम गरी पाल्पा गौंडा अन्तर्गत राखेका थिए । वि. सं. १९८५ मा वागलुङ छोटी गौँडा, २००९ मा गुल्मी छोटी गौंडा र पाल्पा छोटी गौंडा कायम गरिएको थियो । गुल्मी छोटी गौंडा अन्तर्गत ७ थुम (तत्कालीन ७ राज्यहरू पारगुल्मी, वारगुल्मी, अर्घा, खाँची, इस्मा, मुसिकोट, धुर्कोट) समावेश गरिएको थियो । बढी स्वायत्त र न्यायिक अधिकारसहितका प्रशासनिक इकाई थुमहरूमा ठूलो मुखिया रहने व्यवस्था गरिएको हुन्थ्यो । थुम अन्तर्गत सानो मुखियाको नेतृत्वमा तालुकहरू हुन्थे । प्रत्येक तालुकमा २–३ गाउँहरू समावेश गरिएको हुन्थ्यो । खानी क्षेत्रका इजारादार (ठेक्का अधिकार) पाएकाहरूले सो क्षेत्रको प्रशासन चलाउने गर्दथे । यो प्रशासनिक व्यवस्था राणा शासनको अन्त भएको दस वर्षपछिसम्म पनि रह्यो । नेपाल एकीकरणको क्रममा गोर्खा राज्यले आक्रमण गर्नुभन्दा अघि नै अधीनता स्वीकारेर सहयोग गर्ने १८ वटा राज्यहरूलाई सीमित स्वायत्तता दिइएको थियो । वि. सं. २०१७ सालमा राज्य रजौटा उन्मुलन ऐन लागु गरिएपछि गुल्मी, गलकोट लगायत १४ राज्यका रजौटाहरूले बाह्र सयदेखि तीन हजार रुपैयाँसम्म जीवनवृत्ति (life annuty) पाउने गरेका थिए । सल्यान, जाजरकोट, बझाङ र मुस्ताङका रजौटाहरू भने बाह्रदेखि चौबीस हजारसम्म जीवन वृत्ति पाउने तथा तिनीहरूपछि जेष्ठानुक्रमले पुरुष सन्तान र दरसन्तान पर्यन्त सो पद धारण गर्न पाउने गरी थमौतीमा परेका थिए (कानून तथा न्याय मन्त्रालय, २०४१: १९-२०, रमिरेज, सन् २०००: १३२, १३३, १३८ र श्रीस, २०७५: ५२-५४) । नेपालको संविधानसभाको पहिलो बैठकले वि. सं. २०६५ जेठ १५ गतेका दिन २४० वर्षे (१८२५–२०६५) राजतन्त्रको अन्त्य गरेपछि रजौटा राजाहरूको पनि अस्तित्व समाप्त भयो ।

## ४. भेजा शब्दको व्युत्पत्ति

ऐतिहासिक मगरात सभ्यताको परम्परागत शासन प्रणाली भेजा शब्दको व्युत्पत्ति मगर भाषाको 'भयाजा' बाट भएको बुझिन्छ । 'भया' (भाइ) र 'जा' (सन्तान) शब्दको समास भएर भयाजा बनेको हो । भयाजाको

शाब्दिक अर्थ भाइसन्तान हुन्छ भने भावार्थ भाइखलक वा भाइसमूह भन्ने हुन्छ । कृषि युगको प्रारम्भमा मगर जातिका स-साना पारिवारिक झुण्डहरूले पशुपालनका साथै खोरिया खेती प्रणाली अपनाएर जीवन निर्वाह गर्न थाले । नजिकका दाजुभाइका आठ-दस घर परिवारको झुण्ड (समूह) ले झाडी फाँडेर मकै, घैया, कागुनो, सामा, गहतजस्ता बाली लगाउने र एक दुई बाली लगाएपछि उक्त स्थान छोडेर नजिकैको अर्को ठाउँमा खोरिया खेती गर्दथे । यसरी खोरिया खेती गर्दै निश्चित क्षेत्रको विभिन्न स्थानमा घुम्टी बसोबास गर्ने भाइसन्तान अर्थात् भाइखलकको झुण्डले रीतिथिति बसाल्ने र समूहको व्यवस्थापन गर्ने उद्देश्यले प्रथाजनित संस्था 'भयाजा' स्थापना गर्‍यो । कालान्तरमा एकै स्थानमा स्थायी रूपमा बसोबास र खेती गर्ने चलनको थालनीसँगै भाइखलकका अतिरिक्त माइती र चेलीखलक अर्थात् अन्तरवैवाहिक थरघरको समूहहरू (intermarrying clan groups) पनि भयजामा आबद्ध हुन थाले । भाइखलक-चेली-माइतीका साथै अन्य समूहका परिवारहरू थपिँदै जाने क्रममा प्रथाजनित संस्था भयाजाले सबैलाई समेट्दै भेजामा रूपान्तरण हुन पुग्यो । अर्थात् कालान्तरमा भयाजा शब्द नै जनजिब्रोमा भेजा प्रचलित हुन पुग्यो ।

मगर जातिको जनसङ्ख्या बृद्धि र व्यापक फैलावतसँगै भाषिक तथा सांस्कृतिक विविधताहरू पनि सिर्जना हुँदै गए । यसैक्रममा समुदायलाई व्यवस्थित र नियन्त्रित अवस्थामा कायम राख्ने परम्परागत संस्था वा शासन प्रणाली भेजालाई क्षेत्रीय तथा भेगीय हिसाबले तिसर, झोम्जे, गुठ, गुठी आदि नामले समेत बुझन थालियो । खास गरी पाल्पा, नवलपरासी, स्याङ्जा, गुल्मी, वागलुङ, अर्घाखाँची आदि भेगको मगर समाजमा 'भेजा' भन्ने गरिन्छ भने गोर्खा, तनहूँ र धादिङतिरको मगर समाजमा 'गुठ' भनिन्छ । काठमाडौंको पुराना मगर बस्तीहरूमा 'गुठी' भनिन्छ । डोल्पाली मगर समाजमा 'झोम्जे' तथा स्याङ्जाका कतिपय गाउँमा 'तिसर' भन्ने गरिएको पाइन्छ । मगर भाषामा 'गुठ' शब्दले गुमस्ठा अर्थात् संस्था भन्ने बुझाउँदछ । काठमाडौंमा बसोबास गर्ने मगर समाजमा नेवारी प्रथाजनित संस्था गुठीको प्रभाव स्वरूप कालान्तरमा गुठलाई नै गुठी र त्यसको नाइकेलाई थकाली भन्न थालियो । 'तिसार' शब्दले पनि मगर भाषामा समिति वा सङ्गठन भन्ने बुझाउँदछ । डोल्पाली मगर काइके भाषाको 'झोम्जे' शब्दले पनि संस्था भन्ने अर्थ दिन्छ । भेजा/गुठको नेतृत्वलाई मगर समाजमा मिझार/तिसार वा मुखिया भन्ने गरिन्छ ।

## ५. भेजाको परम्परागत साङ्गठनिक संरचना

निश्चित भौगोलिक क्षेत्रमा रहेका घरकुरिया (घरधुरी) हरू मिलेर भेजाको संरचना बनेको हुन्छ । भेजाका कार्यक्रमहरूमा एक घर एक सदस्य अनिवार्य उपस्थितिको प्रावधान रहेको हुन्छ । खास गरी घरमुली (महिला वा पुरुष) ले भेजामा प्रतिनिधित्व गर्दछन् । विशेष कारणले घरमुली उपस्थित हुन नसकेमा घरका अन्य सदस्यको सहभागिता रहन्छ । भेजाको बनोट गाउँको बनोट र भौगोलिक संरचनाका आधारमा ठूलो सानो हुने गर्दछ । कुनै पचास-साठी घरकुरिया भएको सानो भेजा हुन्छ भने कतै चार-पाँच टोला (टोल) मिलेर बनेको दुई-तीन सय घरकुरियाको पनि एउटै भेजा हुने गर्दछ । भेजामा गाउँभित्रका गैरमगर (बाहुन, क्षेत्री, दलित आदि) घरकुरियाको पनि सहभागिता रहेको हुन्छ । घरकुरिया र जनसङ्ख्याका आधारमा भेजाको साङ्गठनिक संरचना मध्यकालीन नेपालका बाँफी, सल्यान, धुर्कोट, रिसिङ आदि साना राज्यहरूको हाराहारीमा रहेको पाइन्छ । मगर गाउँको नामअनुसार झेस्काङ भेजा, घोडसिङ भेजा, फोक्सिङ भेजा, ग्याझा भेजा आदि नामबाट बुझने गरिन्छ । केशरजङ्ग बराल मगर (२०५०) का अनुसार भेजाको क्षेत्रलाई प्रशासनिक इकाई मान्ने गरिन्छ । एउटा

भेजाभित्रको गाउँलाई त्यहाँका मानिसहरूले आफ्नो देश मान्ने गर्दछन् । अर्को भेजामा जान परेमा देशउरे भन्ने गर्दछन् । आ–आफ्ना भेजाभित्रका घरकुरियामा मात्र तोकिएको दरभाउमा आवश्यक वस्तुको खरिदबिक्री हुने गर्दछ । आफ्नो भेजाभित्रका मानिस र देशउरेका लागि अलग–अलग दरभाउ तोकिएको हुन्छ । आफ्नो भेजाभन्दा बाहिर देशउरे अर्थात् परदेश (अर्को भेजा) मा वस्तु बिक्री गर्नु परेमा भेजाका नाइकेहरूको स्वीकृति लिनु पर्दछ, जसलाई स्यादास राख्ने भनिन्छ (पृ. ५८) । भेजाको नेतृत्व गाउँका तिसार/मिभ्फार (भलादमी/मुखिया/अगुवा) का साथै मिगुर (घाँटु, मारुनीका गुरू) र पुजारी (लामाभ्फाँक्री) ले गरेको पाइन्छ । खास गरी भेजाको संस्थागत नेतृत्व तिसार/मिभ्फार (मुखिया) ले र धार्मिक कार्यको नेतृत्व पुजारी (मिगुर वा लामाभ्फांक्री) ले गर्ने प्रचलन रहेको छ ।

## ६. भेजाको प्रमुख कार्यक्षेत्र

भातृत्वको भावना जगाएर समाजलाई एकीकृत गरी सामाजिक मूल्य–मान्यता अनुरूप नियन्त्रित र अनुशासित रूपमा अगाडि बढाउने उद्देश्यबाट विकास भएको प्रथाजनित संस्था भेजामा आधुनिक राज्य प्रणालीका प्रमुख अङ्गहरू कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाले गर्ने कार्यक्षेत्रहरू क्रियाशिल हुने गरेको पाइन्छ । भेजाको वार्षिक सभाले आधुनिक राज्यको व्यवस्थापिकाले कानून निर्माण गरे भैं आफ्नो गाउँटोलभित्रको नीति नियम र आचारसंहिताको निर्माण तथा संशोधन गर्दछ । रीतिथिति, सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थामा एकरूपता ल्याएर गाउँमा एकता कायम गर्नका लागि प्रथाजनित कानून निर्माण र परिमार्जन गर्दछ । आचारसंहिता लागू गर्ने, श्रमको ज्याला र उपभोग्य वस्तुको मूल्य निर्धारण गर्नेजस्ता विधायिकीय कार्य गर्दछ । न्याय सम्पादनको कार्य अन्तर्गत प्रथाजनित कानून तथा आचारसंहिता उल्लङ्घन गर्ने व्यक्ति तथा परिवारलाई दण्डजरिवाना गर्दछ । कुनै गम्भीर परिस्थितिजन्य कारण बाहेक सामान्य अवस्थामा भेजाको कार्यक्रममा अनुपस्थिति रहने वा भेजाको नीति नियम उल्लङ्घन गर्ने सदस्य (घरकुरिया) लाई भेजाबाट बाहेक गरिन्छ । भेजाबाट अलगिएका घरकुरियालाई कुनै पनि सहयोग नगर्ने व्यवस्था गरिएको हुन्छ । भेजाले धार्मिक अनुष्ठान, चाडवाड, उत्सव आदिको अवसर पारेर सामूहिक भेला गरी छलफलको माध्यमबाट प्राकृतिक स्रोत व्यवस्थापन, विवाद व्यवस्थापन, रीतिथिति बसाल्ने अर्थात् नियम कानून स्थापित गर्ने लगायतका विधायिकीय, न्याय सम्पादन र प्रशासनिक कार्यहरू सम्पादन गरेको हुन्छ ।

भेजाको कार्यपालिकासम्बन्धी भूमिकामा परम्परागत मिभ्फार, तिसार, मुखिया, मिगुर लगायतका गन्नेमान्ने भलादमीहरू रहेका हुन्छन् । स्याङ्जाको वर्तमान कालीगण्डकी गाउँपालिका क्षेत्रमा प्रथाजनित संस्थाको कार्यकारी परिषदलाई तिसार भनिन्थ्यो । बागलुङको गलकोट खुवाक्षेत्रको मगर समाजमा प्रथाजनित शासन प्रणालीको कार्यपालिकासम्बन्धी अङ्ग 'सातथरी परिषद' लोपोन्मुख अवस्थामा रहेको पाइन्छ । यो संस्थाको प्रमुख कार्य गाउँमा रीतिथिति बसाल्ने, न्याय र दण्डको व्यवस्था मिलाउने तथा गाउँका प्राकृतिक स्रोतहरूको वितरण र नियमन गर्नु हो । सातथरी परिषदमा मुखिया, चौतारे, जेठाबुढा, थरी, बैदार, बुरौली र कटुवाल गरी सात थरका सदस्यहरू रहने भएकाले सातथरी नामकरण गरिएको बुझिन्छ । ओम गुरुङ (सन् १९९९) का अनुसार गलकोट राज्यकालदेखि प्रचलनमा आएको सातथरी व्यवस्थालाई सन् १९६१ मा पञ्चायत सरकारले औपचारिक रूपमा विघटन गरे पनि अहिलेसम्म तत्कालीन वंशपरम्परागत पदाधिकारीका सन्तानहरूलाई सातथरी भनेर सम्बोधन गर्ने तथा गाउँका गतिविधिहरूमा उनीहरूलाई महत्त्वपूर्ण भूमिका दिने गरिन्छ (पृ. २५४-२५५) । सातथरीको

प्रमुख पद मुखिया हो । मुखियाको आन्तरिक तथा धार्मिक गतिविधि व्यवस्थापन र आयोजना गर्ने चौतारे, मुखियालाई सघाउने जेठाबुढा, सार्वजनिक महत्त्वका निर्णयहरू गर्ने कार्यमा मुखियालाई सघाउने थरी, परिषदको सचिवको रूपमा अभिलेख राख्ने बैदार, प्रवक्ताको रूपमा बुरौली र कार्यालय सहयोगीको रूपमा कटुवाल पदको व्यवस्था गरिएको हुन्थ्यो । सातथरी परिषदको निर्वाचन आंशिक रूपमा प्रजातान्त्रिक हुने भए पनि अधिकांश वंश परम्पराका आधारमा हुन्थ्यो । उदाहरणका लागि ताराखोला सातथरी परिषदमा अर्घासी थरको मुखिया, कान्छीपारे अर्घासी चौतारे, रोका थरको जेठाबुढा, बभ्फाङ्गी थरको थरी, कान्छीपारे रोका बैदार, रूपानी घर्ती बुरौली र दलित जातिको कटुवाल हुने परम्परा थियो ।

अहिले भेजाले परम्परागत धार्मिक संस्थाको रूपमा मात्र काम गर्दै आइरहेको जस्तो देखिन्छ । प्राचीन समयमा संसारका सबैजसो समाजमा धार्मिक संस्थाहरूले नै न्याय सम्पादन र कार्यपालिकासम्बन्धी कार्य गर्दथे । अठारौं शताब्दीसम्म युरोपमा धार्मिक संस्थाहरूले राज्यलाई नै निमयन गरेको इतिहास पाइन्छ । कतिपय मुस्लिम मुलुकमा अहिले पनि धार्मिक संस्थाले राज्यको नियम, कानून र न्याय प्रशासनलाई नियन्त्रण तथा निर्देश गरेको पाइन्छ । त्यसकारण मगर जातिको प्रथाजनित शासन प्रणाली भेजाको प्रमुख कार्यक्षेत्र धार्मिक संस्थाको जस्तो देखिनुलाई स्वाभाविक मानिन्छ । भेजाले अहिले पनि गाउँमा वर्षभरि गरिने विभिन्न पूजाआजा, चाडवाड र रामरमिता (मेला) को व्यवस्थापन गर्दै आइरहेको पाइन्छ । मुख्य-मुख्य खेतीपातीको समयमा (खनजोत, बाली लगाउने र भिफ्याउने बेलामा) प्रत्येक घरकुरियाको सदस्य भेला गराएर दैवीप्रकोप, रोगव्याधी, वन्यजन्तु आदिबाट बालीनाली सुरक्षित राख्ने र स्थानीय प्रकृतिका देवदेवी एवं कुलपितृलाई खुसी बनाएर मानिस तथा घरपालुवा पशुपंक्षीको स्वास्थ्य रक्षा गर्ने उद्देश्यबाट सामूहिक पूजाआजाको आयोजना गर्दछ । प्रत्येक घरकुरियाबाट तोकिएको रकम र पूजा सामग्री (भेटी) सहित पूजास्थलमा उपस्थित भएर सहकार्यमा कार्य सम्पादन गर्ने तथा सोही स्थानमा प्रसाद र खाना पकाएर खाने गरिन्छ । यसरी सबै गाउँले एकै ठाउँमा भेला भएर गरिने पूजा र खानपिनले सिङ्गो समाजलाई एकतावद्ध गराएको हुन्छ । युवादेखि वृद्धासम्मका मानिसहरूको सामूहिक अनुभव, सहकार्य, सहमति र श्रमविभाजनमा आधारित प्रकार्यात्मक एकताले जीवित अङ्गहरूको प्रकार्यलाई प्रतिविम्बित गरेको पाइन्छ । भेजा परम्पराले सामाजिक सद्भावप्रति प्रेरित गर्नुका साथै समुदायमा आधारित संस्कृतितर्फ उन्मुख बनाएको हुन्छ । सामूहिक पूजाआजा सञ्चालन हुने दिन गाउँमा खनजोत, बाली लगाउने तथा काट्ने, घाँसदाउरा गर्ने, घर लिपपोत गर्ने, घरगोठ बनाउने र छाउनेजस्ता कार्यहरू गर्न निषेध गरिएको हुन्छ, जसलाई बारना भन्ने गरिन्छ । एकादसी, औंसी र साउन महिनामा कुनै पनि पूजाआजाको कार्यक्रम हुँदैन ।

## ७. मुख्य कार्यक्रमहरू

आधुनिक राज्य प्रणालीको व्यवस्थापिका (legislature) जस्तै मगर जातिको परम्परागत शासन प्रणालीमा भेजामुके हुन्छ । वर्तमान व्यवस्थापिका संसदको हिउँदे अधिवेशन (मंसिरको अन्तिम हप्तादेखि पुसको पहिलो हप्ता), वर्षे अधिवेशन (वैशाखमा), विशेष अधिवेशन र बैठकहरू भए झैं भेजाको पनि भेजामुके र भेजाफोरोकेहरू हुने गर्दछन् । उँभौली याम (माघे सङ्क्रान्तिदेखि असार मसान्तसम्म) र उँधौली याम (साउने सङ्क्रान्तिदेखि पुस मसान्तसम्म) मा महत्त्वपूर्ण भेजामुके हुने गर्दछ । उँभौली भेजामुकेलाई चण्डीभेजा र उँधौली भेजामुकेलाई मङ्सिरेभेजा वा न्वाँगीभेजा भन्ने गरिन्छ । सामान्यतया खेतीपातीको समय खनजोत गर्ने, बाली लगाउने, बाली भिफ्याउनेजस्ता मुख्य कामको बेलामा भेजामुकेहरू सम्पन्न गरिन्छ । व्यवस्थापिका संसदको

वर्षे अधिवेशनलाई वार्षिक वजेट निर्माणका लागि छलफल गरिने महत्त्वपूर्ण अधिवेशनको रूपमा लिइए झैं चन्डीभेजालाई रीतिथिति बसाल्ने र न्याय दिलाउने भेजामुके (अधिवेशन) को रूपमा लिइन्छ । खास गरी तनहुँ जिल्लाका मगर गाउँबस्तीहरूमा चन्डीभेजालाई विशेष महत्त्व दिइन्छ भने गुल्मी, वागलुङ, अर्घाखाँचीतिरको मगर बस्तीहरूमा माघेभेजा (श्रीपञ्चमी) लाई खास महत्त्व दिइन्छ । म्याग्दीतिर चैतेभेजा र रुकुम, रोल्पातिर जेठेभेजालाई महत्त्व दिइएको पाइन्छ । भौगोलिक विविधता र खेतीपातीको समयमा हुने अन्तरका कारण फरक-फरक भेजासभालाई महत्त्व दिने गरिएको पाइन्छ । यसका अतिरिक्त जीवनचक्रीय संस्कार, धार्मिक अनुष्ठान, उत्सवहरू लगायत खास-खास अवसर तथा विशेष समस्याहरू आइपर्दा भेजाफोरोके (बैठक) हरूको आयोजना हुने गर्दछ । निम्नानुसारका भेजामुके र भेजाफोरोकेहरू क्रियाशिल रहेको पाइन्छ ।

### ७.१ उँभौली यामका भेजामुके र भेजाफोरोकेहरू

**(क) चन्डीभेजा**ः पाल्पा, स्याङ्जा र तनहूँका मगरहरूले प्रायः अक्षय तृतीयादेखि वैशाख पूर्णिमासम्मको अवधिमा अनुकूल दिन पारेर चन्डी भेजाको आयोजना गर्दछन् । गाउँले सबै भेला भएर चन्डी थानमा पूजा गर्नुका साथै गाउँको रीतिथिति बारे विस्तृत छलफल गरिन्छ । पुरानो परम्परालाई हटाउनुपरेमा वा नयाँ रीतिथिति लागू गर्नुपरेमा गाउँका तिसार (भलादमीहरू) ले निर्णय सुनाउने गर्दछन् । पहिला पहिला सोही अवसरमा आफूमाथि भएको अन्यायविरुद्ध उजुरी गर्ने र उक्त भेजामुके (सभा/अधिवेशन) मा छलफल गरी दण्ड सजाय सुनाउने गरिन्थ्यो । चन्डी थानमा सुँगुर, कुखुरा र जाम्हान (जाँड) चढाएर पूजा गरिन्छ । प्रसाद ग्रहण गरेपछि गाउँमा घाँटु नचाउने गरिन्छ । घाँटु नचाच्ने गाउँमा कौड्चा र झाम्रे नाच्ने गरिन्छ (बराल मगर, २०५०ः १२४) । यो विशेष भेजालाई सुसुपक भेजा पनि भनिन्छ । यसले सङ्गठनको साधारणसभाको काम गर्नुका साथै आवश्यक परे मुखिया पनि तोक्ने गर्दछ (ढकाल, सन् १९९६ः २४-२५) । राणा शासनकालसम्म गुल्मी, बागलुङ, अर्घाखाँची लगायतका खानी गाउँका मगर बस्तीहरूमा वैशाख पूर्णिमाका दिन खानी उत्खनन्को काम औपचारिक रूपमा भदौ महिनासम्मका लागि बन्द गरेर चन्डी थानमा पूजा गरी घाँटु नचाउने गरिन्थ्यो । वैशाखमा लेकाली चरनक्षेत्र (पाटन) मा घाँसको नयाँ पालुवा पलाइसक्ने हुँदा चन्डीभेजा उत्सवपछि उँभो अर्थात् लेकाली चरनक्षेत्रमा गोठ सार्ने गरिन्छ । यस भेगका मगर बस्तीहरूमा चैत्र महिनामा हिउँदे बाली स्याहारेर वैशाखसम्ममा वर्षेबाली मकै लगाइसक्ने हुँदा वैशाख पूर्णिमाको दिन चन्डीको थानमा वर्षातको आह्वान गर्दै सामूहिक रूपमा पूजा गरी घाँटु नचाएर चन्डीभेजा अर्थात् उँभौली उत्सव मनाउने गरिन्छ । मगर भाषामा 'चन्' को अर्थ विजुली र 'डी' को अर्थ पानी हुन्छ । चन्डी वर्षातकी देवी अर्थात् जलदेवी हुन् । खेतीपातीको समयमा राम्रो वर्षात होओस्, तर अतिवृष्टि वा अनावृष्टिको अवस्था नआओस् भनेर चन्डीपूजा गरिन्छ । प्रकृति पूजक मगरहरूको आराध्यदेवी चन्डीप्रति ठूलो आस्था र विश्वास रहेको पाइन्छ । चन्डीदेवीलाई आदिम मातृसत्तात्मक समाजको अवशेष मानिन्छ ।

**(ख) माघेभेजा**ः गुल्मी र वागलुङतिरको मगर समाजमा उँभौली भेजामुकेको रूपमा माघ महिनाको पञ्चमी तिथि (श्रीपञ्चमी) लाई विशेष महत्त्व दिने गरिन्छ । ताराखोला गाउँपालिकाको तारा, हिल र अर्गलका मगर गाउँहरूमा श्रीपञ्चमीका दिन हाम्ठो घर (सामुदायिक घर/सार्वजनिक चौतारो) मा छापेबस्ने (निर्णायक बैठक बस्ने) र वर्षभरिका लागि गाउँको रीतिथिति बसाल्ने, चरन क्षेत्र खोल्ने, बन्द गर्ने, वनस्रोतको वितरण तथा व्यवस्थापन गर्ने आदि महफ्वपूर्ण निर्णयहरू गरेर खानपिन एवं नाचगानका साथै श्रीपञ्चमी चाड मनाउने गरिन्छ (श्रीस मगर, २०७४ः २७ र २८) ।

**(ग) चैतेभेजा र जेठेभेजा**ः चैते र जेठेभेजा पनि उँभौली भेजामुके नै हो । भौगोलिक तथा वातावरणीय विविधताले

गर्दा सबै ठाउँमा एकै समयमा बाली लगाउने र भिफ्याउने गरिदैन । त्यसकारण भेजा कार्यक्रमको समय पनि ठाउँअनुसार केही फरक पर्न जान्छ । गुल्मीको भार्सेमा चैतेदसैं अघि शुक्लपक्षमा गाउँका सबै घरधुरीले भेजा उठाएर गामपूजा गर्ने चलन छ भने म्याग्दी जिल्लाको चिमखोला, दोबा, बेग, बाँन्दुक आदि गाउँमा चैतको उजेली पक्ष (शुक्लपक्ष) को मङ्गलवार पारेर भूमेपूजा गर्ने चलन रहेको छ । गुल्मी र म्याग्दीमा चैत्र महिना सम्पन्न गरिने सामूहिक पूजा (गामपूजा र भूमेपूजा) वास्तवमा चैतेभेजा कार्यक्रम हो । कतिपय मगर गाउँमा चैतेभेजा चैतेदसैं (चैत्राष्टमी) को दिनमा सम्पन्न गरिन्छ । म्याग्दीकै रायखोर, कोटगाउँ, पाखापानी, दगनाम, दर्मिजा आदि गाउँमा भने जेठमा भूमेपूजा गरिन्छ । यसै गरी रुकुम र रोल्पातिर जेठ सङ्क्रान्तिका दिन विधिपूर्वक भूम्यानाच फुकाउने, जेठ मसान्तका दिन युवायुवतीहरू लेकतिर बुकी फूल टिप्न जाने र भोलिपल्ट असार सङ्क्रान्तिका दिन बुकी लिएर फर्केपछि भूम्यापूजा (ठाउँअनुसार बलपूजा र नोकोवाङपूजा) गरी उत्सव मनाइन्छ । रुकुम र रोल्पाका उच्च पहाडी भेगतिर जेठ महिनामा आलु खन्ने र जौँ काट्ने काम सकिएपछि भेडाहरू बुकी (हिमाली चरन) मा लैजाने हुँदा जेठ मसान्तदेखि असार तीन गतेसम्म भूम्या कार्यक्रम सम्पन्न गरिन्छ । जेठको अन्तिम तथा असारको पहिलो हप्तामा अन्य पहाडी भेगमा पनि कोदो रोपाइँ र मकैबारीमा भटमास लगाउने काम सम्पन्न गरिन्छ । त्यसकारण म्याग्दी, रोल्पा र रुकुमतिर गरिने भूमे वा भूम्यापूजा पनि हिउँदेबाली स्याहार्ने र वर्षेबाली लगाउने समयको उँभौलीभेजा अर्थात् जेठेभेजा नै हो ।

**(घ) यऊनाट (फागुने) भेजाभ्फोरोके**: वर्षेबाली मकै लगाउनु अघिको फुर्सदिलो समय वसन्त ऋतुको पूर्वसन्ध्यामा यऊनाट (फागुने) भेजाभ्फोरोके सम्पन्न गरिन्छ । खास गरी पाल्पा, स्याङ्जा र गुल्मीमा फागुन शुक्ल चतुर्दशी अर्थात् पूर्णिमाको अघिल्लो दिनदेखि लगातार चार दिनसम्म यऊनाट चाड मनाउने क्रममा गैडुपूजा गरेर जीवैमामा लोकनाटक प्रदर्शन गरिन्छ । रोल्पा र रुकुमतिर बराह पूजा गरेपछि फागुन महिनाभरि एकोन्रो (एक रात बिराएर) ज्यो मा रे प्रदर्शन गरेर चैत्र सङ्क्रान्तिको साँझ वै फाङ्न्या (फूल उडाउने) विधिबाट टुङ्ग्याइन्छ । हरेक चाडवाड, संस्कार एवं खेतीपाती लगाउने र स्याहार्ने बेलामा प्रथाजनित संस्था भेजा क्रियाशील भएर प्रकृति र पितृको पूजा गर्ने प्रचलनले उनीहरूको भ्फांक्रीवादी (shamanism) तथा जीवात्मावादी (animism) धार्मिक परम्परालाई प्रतिविम्वित गर्दछ । घरपालुवा पशुपंक्षी र खेतीबालीका स्थानीय रक्षाक देवतालाई गैडु भनिन्छ भने मगरहरूको पूर्वज बाह्र भाइ बराजु र बाइस वहिनी बजूहरूलाई वराहको रूपमा पुज्ने गरिन्छ । पूर्वज अर्थात् वराजु/वराहज्यूको अपभ्रंश रूप नै बराह हो । मगर समाजमा प्रचलित परम्परागत लोकगीतिनाटकहरू मध्ये जीवैमामा/ज्यो मा रे सबैभन्दा लामो समयावधिसम्म प्रदर्शन गरिने मामाचेली बिबाहमा आधारित वसन्त ऋतुकालीन परम्परागत लोकगीतिनाटक हो (श्रीस मगर, २०७५: ३१-३६) ।

**७.२ उँधौली यामका भेजामुके र भेजाभ्फोरोकेहरू**

**(क) मङ्सिरे भेजा/न्वाँगीभेजा**: चन्डी भेजापछिको दोस्रो ठूलो भेजामुकेको रूपमा मङ्सिरे भेजालाई मान्ने गरिन्छ । भिन्न भूगोल र गाउँठाउँअनुसार मङ्सिरे भेजालाई न्वागीभेजा वा उँधौली गामपूजा पनि भन्ने गरिन्छ । वर्षेबाली मकै र कोदो स्याहारेपछि हिउँदेबाली तोरी, जौँ, गहूँ, फापर, दलहन आदि लगाउने समय मङ्सिर महिनामा गाउँले सबै मिलेर गामपूजा (सामुहिक पूजा) गरी मङ्सिरे भेजा कार्यक्रम सम्पन्न गरिन्छ । साउने सङ्क्रान्तिदेखि सूर्य दक्षिणायन हुने भएकाले क्रमशः दिन छोटो तथा रात लामो हुँदै जाने र जाडो बढ्ने भएकाले मङ्सिरसम्ममा लेकाली चरनक्षेत्रबाट गाईवस्तु उँधो अर्थात् बेसी भ्फारिन्छ । मंसिर पूर्णिमा (धान्यपूर्णिमा) तिथिभन्दा अगाडि मङ्सिरे भेजा/न्वागीभेजा कार्यक्रम सम्पन्न गरिन्छ । सामान्यतया धानबाली स्याहारेपछि

स्थानीय देवदेवी र पितृलाई नयाँ धानको चामल चढाएर मात्र नयाँ चामलको भात खाने गरिन्छ । आ-आफ्नो भेजाभित्रका सबै घरकुरियाले सामूहिक रूपमा स्थानीय देवीको थानमा नयाँ चामल चढाउने, बलिपूजा गर्ने र मारुनी नचाउने गर्दछन् । पाल्पा, नवलपरासी, स्याङ्जा, तनहुँतिर मङ्सिरेभेजामा उर्वराशक्तिकी देवी माई/मायूको पूजा गरिन्छ । मगर भाषाको मोई (आमा) शब्दको अपभ्रंशबाट माई/मायू बनेको हो । मानिस, घरपालुवा पशुपंक्षी एवं अन्नबालीमा रोगव्याधी नलागोस् । उन्नति र सुखशान्ति फैलियोस् भन्ने कामनाका साथ पञ्चबलि (राँगो, बोका, कुखुरा, हाँस र बोमोस्या (कुभिण्डो) दिने गरिन्छ (थापा मगर, २०७१: २१५) । कतिपय मगर गाउँमा मङ्सिरे भेजा उत्सवमा मारुनी नचाएर उक्त नाचलाई आगामी असार मसान्तसम्मको लागि समापन गरिन्छ । पाल्पाको रैनादेवी छहरा गाउँपालिका वडा नं. ३ मा हरेक कात्तिक १७ गते तान्त्रिक विधिबाट जोखना हेरेर न्वागी पूजाको समय तोक्ने चलन रहेको छ । रैनादेवीको थानमा न्वागी पूजा गरी रातभरि मारुनी नचाउने र झाम्रे बस्ने गरिन्छ । मगर भाषामा रइना (रैना) को अर्थ घुङुरु (खाँकर) हुन्छ । नाच्दा खुट्टामा पहिरिने रइनालाई नृत्य वा नृत्यकी देवीको प्रतीक मानेर रइनादेवीको रूपमा पुज्न थालिएको मानिन्छ । मङ्सिरे भेजा वा न्वागी भेजामा नयाँ चामललाई दही, सख्खर, केरा र सिलामसँग मिसाएर प्रसादको रूपमा खाने गरिन्छ (श्रीस मगर, २०७७: २८६-२८८) ।

**(ख) अन्य भेजाझोरोकेहरूः** भेजाको बढी क्रियाशीलता धार्मिक अनुष्ठान, चाडपर्व र उत्सवहरूमा हुने भएकाले उँधौली यामका वडादसैं, तिहार र पुसेपन्ध्र (ओहोरा) मा पनि भेजाझोरोकेहरू सम्पन्न हुने गर्दछन् । असोजमा वर्षेबाली मकै स्याहार्ने र हिउँदेबाली लगाउने कामको थालनी (डस्याक्के) को अवसरमा पितृ र प्रकृतिलाई पारिवारिक तथा सामुहिक रूपमा पूजाआजा गरी उत्सव मनाउने क्रममा असोजेभेजा वा डस्याक्केभेजा झोरोके आयोजना गरिन्छ । तिहारको अवसरमा तिसर (परम्परागत संस्था) को सक्रियतामा तिसार (समिति) को नेतृत्वमा देउँसीभैलो कार्यक्रमको आयोजना गरिन्छ । यसै गरी पुस पन्ध्रको कार्यक्रम पुसेपन्ध्र (ओहोरा) को आयोजनामा पनि भेजाको भूमिका रहेको हुन्छ । गण्डकी प्रश्रवणक्षेत्रका गाउँ-गाउँमा होरट्या समूहका साथै सांस्कृतिक समूह (घाँटु, मारुनी, भैलो-देउसी) ले पुस पन्ध्रको अवसरमा तीन-चार दिनसम्म खानपिन एवं नाचगानको कार्यक्रम गर्दछन् जसलाई ओहोरा खाने भनिन्छ । कतिपय गाउँमा यही उत्सवमा मारुनी समापन गर्ने चलन रहेको छ । पहिला पहिला पाल्पा, स्याङ्जा र तनहूँतिर खोरिया फाँडेर छरेको मास पाकेपछि तेछो पेवा खाने भनेर पुस प्रन्धका दिन युवतीहरूले नयाँ मासको बारा, मासु आदि परिकार बनाएर निम्तारूहरूलाई खुवाउने चलन थियो । माइतीले चेलीबेटी बोलाएर मीठोचोखे खुवाउने गर्दथे । रुकुम रोल्पातिरको मगर समाजमा पुस पन्ध्रकै दिन तीर (धनुषवाण) फुकाउने (नाम्सुई) विधि सम्पन्न गरी माघेसङ्क्रान्तिमा खेलिने धनुषवाणको अभ्यास प्रारम्भ गर्दछन् ।

## ट. भेजाको धार्मिक, सामाजिक र सांस्कृतिक पक्ष

भेजाका अधिकांश अधिवेशन तथा बैठकहरू स्थानीय देवदेवीको थानमा प्रत्येक घरकुरियाबाट पूजा सामग्री सहित भेला भएर सम्पन्न गरिन्छ । सामुहिक रूपमा पूजा गरेर प्रसाद खाने तथा छलफलबाट निर्णय लिने यो भेजाको धार्मिक पक्ष हो । अधिकांश पूजाहरू उर्वरशक्ति र कुलपितृसँग अन्तरसम्बन्धित देहात्मवादी वा जडात्मवादी (animism) र झांक्रीवादी (shamanism) मान्यतामा आधारित रहेको पाइन्छ । अहिले भेजा धार्मिक संस्थाको रूपमा बढी क्रियाशील रहेको पाइन्छ । यसले धार्मिक अनुष्ठान, चाडपर्व, उत्सव, संस्कार र परम्परागत अभ्यासलाई संरक्षण तथा निरन्तरता प्रदान गर्न मद्दत गरिरहेको छ । गाउँघरका गामपूजा (साझा पूजाआजा) का साथै जन्मदेखि मृत्यु पर्यन्तका जीवनचक्रीय संस्कारहरूमा आपसी सहयोग जुटाउने कार्यमा

भेजा क्रियाशील रहेर  सामाजिक सम्बन्ध र सामुदायिकतालाई प्रबर्द्धन गर्न ठूलो योगदान पु¥याएको छ । ग्रामिण अर्थतन्त्रलाई उकास्न गरिने परम्परागत कृषि प्रणालीका होरट्या, परिम, झराली आदिलाई पनि भेजाले संरक्षण गरेको छ । सामाजिक आचारसंहिता कायम राख्न, अन्तरव्यक्ति सम्वन्धलाई प्रवर्द्धन गर्न, खासखास आवश्यकता परिपूर्ति गर्न, मनोरञ्जन प्राप्त गर्न र पारिवारिक एवं सामाजिक एकता कायम राख्नका लागि भेजाले महत्त्वपूर्ण योगदान पु¥याएको हुन्छ । घरपरिवार, नाताकुटुम्ब र टोलछिमेक वीचको आपसी भेटघाट एवं अन्तरक्रियाको प्रक्रियालाई थप गतिशिल बनाउँदै सामाजिक सम्बन्धलाई बलियो बनाउनमा भेजाले प्रत्यक्ष वा परोक्ष रूपमा मद्दत पु¥याएको देखिन्छ । भेजामुके र भेजाझोरोकेको अवसरमा सहभागी सबैले खानपिनका साथ टोलछिमेकका आवश्यकता र समस्याका बारेमा सामुहिक छलफल गर्दा सामाजिक अन्तर–सम्बन्धलाई सुमधुर बनाउन मद्दत पु¥याएको हुन्छ । यस्ता क्रियाकलापहरूले नातेदारी प्रणाली र सामाजिक सम्बन्धलाई थप बलियो बनाएको हुन्छ । यो नै भेजाको सामाजिक पक्ष हो । भेजाको अर्को प्रमुख आयाम भनेको सांस्कृतिक पक्ष हो । मगरहरू स्वभावैले बढी मनोरञ्जनमुखी हुने भएकाले गीत, सङ्गीत र नाचहरू पहिलो प्राथमिकतामा परेका हुन्छन् । भेजामुके र भेजाझोरोके कार्यक्रमहरूमा घाँटु, मारुनी, कौड्ा, झाम्रे लगायतका लोकगीतनृत्य प्रस्तुत गरेर भरपुर मनोरञ्जन लिने गरिन्छ । भेजाले मगर जातिको अमूर्त सांस्कृतिक सम्पदा संरक्षण, प्रवर्द्धन र पुस्तान्तरण प्रक्रियामा महत्त्वपूर्ण विशेष योगदान पु¥याएको छ ।

## ९. प्रथाजनित संस्थासम्बन्धी कानूनी व्यवस्था

नेपालको संविधान २०७२ को धारा ३२ को उपधारा ३ मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक मान्यता र सम्पदाको प्रवर्द्धन र संरक्षण गर्ने हक हुने व्यवस्था छ । धारा ५१ (ञ) को (८) मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संम्वर्द्धन गर्ने राज्यको दायित्व रहने उल्लेख छ । अन्तर्राष्ट्रिय महासन्धि, अभिसन्धि, घोषणा र कानूनहरूले पनि परम्परागत ज्ञान र सीपको संरक्षणका लागि विशेष रूपमा सम्बोधन गरेको पाइन्छ । सन् १९८९ को आदिवासी जनजातिसम्बन्धी महासन्धि 'अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १६९' (ILO convention no. 169: Convention Concerning Indigenous Peoples and Trible Peoples in Independent contries) लाई नेपालको व्यवस्थापिका संसदले २२ अगष्ट २००७ मा अनुमोदन गरिसकेको छ । यो महासन्धिले आदिवासी जनजातिको सामाजिक तथा सांस्कृतिक पहिचान, अधिकार एवं परम्परागत ज्ञान, सीप र प्रविधिको संरक्षणमा विशेष जोड दिएको छ । यसै गरी आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र (United Nations DecaLration on the Rights of Indigenous Peoples-UNDRIP) २००७ को धारा ११ (१), धारा १३ (१), धारा २४ (१), धारा ३१ (१) लगायतमा आदिवासी जनजातिलाई आफ्नो सांस्कृतिक सम्पदा, लोकपरम्परा, प्रचलन, परम्परागत ज्ञान, आनुवंशिक संसाधन, बीउबिजन, औषधि, औषधिजन्य वनस्पति, स्वास्थ्यसम्बन्धी परम्परागत प्रचलन, खनिज, जीवजन्तु एवं वनस्पति जगतका विशेषतासम्बन्धी ज्ञान, बौद्धिक सम्पत्ति, भाषा, साहित्य आदि पुनः जीवन्त तुल्याउने, प्रयोग गर्ने, संरक्षण एवं विकास गर्ने, नियन्त्रण गर्ने र पुस्ता हस्तान्तरण गर्ने अधिकार हुने छ भनी उल्लेख गरिएको छ । धारा ५, ११ (२), १२, २० र ३४ अनुसार आदिवासी जनजातिलाई अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरू अनुरूप आफ्ना पृथक राजनीतिक, आर्थिक, कानूनी, सामाजिक तथा सांस्कृतिक संस्थाहरू कायम राख्ने; आफ्ना धार्मिक तथा सांस्कृतिक स्थलहरूको

संरक्षण, एकान्त पहुँच, धार्मिक वस्तुहरूको प्रयोग र नियन्त्रणका साथै सम्पूर्ण परम्परागत एवं अन्य आर्थिक क्रियाकलापहरूमा स्वतन्त्रतापूर्वक संलग्न हुने; त्यस्ता पृथक प्रचलनहरू, आध्यात्मिक परम्परा, कार्यविधि, अभ्यास र न्यायिक प्रणालीको प्रवर्द्धन गर्ने अधिकार छ । उनीहरूको स्वतन्त्र, पूर्व सूचित मन्जुरी अर्थात् अग्रिम जानकारीसहितको मञ्जुरी बिना वा उनीहरूको कानून, परम्परा र प्रचलनहरूको उल्लङ्घन हुने गरी लिइएका उनीहरूका बौद्धिक, सांस्कृतिक तथा धार्मिक सम्पत्तिहरूको राज्यले क्षतिपूर्ति उपलब्ध गराउने छ भनी उल्लेख गरिएको छ ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १६९ को धारा ८(१) मा सम्बन्धित आदिवासी तथा प्रजातिहरूमा राष्ट्रिय कानून तथा नियमावलीहरू लागू गर्दा उनीहरूको परम्परा वा परम्परागत कानूनहरूलाई उचित ध्यान दिइने छ भनी उल्लेख गरिएको छ । कतिपय मुलुकमा प्रथाजनित कानून प्रणालीलाई स्वशासनको माध्यमबाट कार्यान्वयन गर्ने अभ्यास रहेको पाइन्छ । भारतको संविधानको धारा २४४(२) र २७५(१) द्वारा आसाम, मेघालय, त्रिपुरा र मिजोरामका ट्राइबल क्षेत्रहरूमा आदिवासी जनजातिहरूका लागि स्वशासनको नीति लागू गरिएको छ । यसै गरी चीनमा पाँच स्वायत्त प्रदेश, तीस स्वायत्त प्रिफेक्चर र एक सय बीस स्वायत्त काउन्टीहरूमा Regional Ethnic Autonomy Law लागू गरिएको छ । पानामाको आदिवासी ऐतिहासिक पुर्ख्यौली भूमिमा कोमार्का गठन र स्वव्यवस्थापनको अभ्यास गरिएको छ । क्यानडामा नुनाभुटका आदिवासीका लागि स्वायत्त क्षेत्र र एक सदनात्मक विधानसभाको व्यवस्था गरिएको छ । डेनमार्कको ग्रीनल्यान्डमा होमरुल (स्वशासन) तथा नर्वेमा सामी संसदको व्यवस्था गरिएको छ । यसै गरी बोलिभिया, इक्वेडोर, ग्वाटेमाला, इथियोपिया लगायत थुप्रै देशहरूमा प्रथाजनित शासन प्रणाली अर्थात् स्वशासन र स्वायत्तताका अभ्यासको लागि अधिकार प्रदान गरिएको छ (लामा, २०७७: १२, १३ र २८) । नेपालको वर्तमान कानूनले केही हदसम्म आदिवासीहरूको प्रथाजनित कानूनको अभ्यास गर्न छुट दिएको भएता पनि राष्ट्रिय कानून प्रणालीले भने मान्यता दिएको पाइँदैन । बिबाह लगायतका केही विषयहरूमा कुल धर्म र परम्परागत रूपमा चलिआएको चलन (प्रथाजनित कानून) को आधारमा व्यवहार चलाउनका लागि छुट दिएको छ । कतिपय सन्दर्भमा राज्यको नियम कानूनभन्दा प्रथाजनित कानूनहरू बढी शक्तिशाली र प्रभावकारी हुने गर्दछन् । वर्तमान कानूनी बहुलवादको सिद्धान्तको आधारमा नेपालमा पनि प्रथाजनित कानूनहरूको सम्बोधन हुने गरी सङ्घीय, प्रादेशिक र स्थानीय तहमा कानून निर्माण गर्न आवश्यक छ ।

## १०. निष्कर्ष

ऐतिहासिक मगरात सभ्यताको परम्परागत शासन प्रणाली भेजा कृषि युगको प्रारम्भमा भाइखलकको पारिवारिक झुण्डले रीतिथिति बसाल्ने र समूहको व्यवस्थापन गर्ने उद्देश्य लिएर स्थापना गरेको प्रथाजनित संस्था 'भयाजा' कालान्तरमा अन्तरवैवाहिक थरघर समूहहरू (intermarrying clan groups) मा विस्तारित हुनपुग्यो । प्रथाजनित संस्था भयाजाले आफ्ना गाउँटोलका सबै घरकुरियालाई समेट्ने क्रममा जनजिब्रोमा प्रचलित भेजा मगरातका शक्तिशाली गणराज्यहरू (chiefdoms) भएको बुझिन्छ । बाह्रौंदेखि पन्ध्रौं शताब्दीसम्म अस्तित्वमा रहेको पश्चिम नेपालको खस साम्राज्यकालमा मगरातका भेजा (गणराज्य) हरू खस साम्राज्यका क्षेत्रीय तथा स्थानीय प्रशासनिक इकाईहरूमा रूपान्तरण भएका ठूला भेजाहरू अर्ध-स्वायत्त गणराज्य (semi-autonomous chiefdom) का रूपमा रहेका थिए । खस साम्राज्यको अन्त्यपछि मगरात क्षेत्रका ठूला भेजाहरू स्वायत्त हुनेक्रममा

चौवीसी राज्यहरूका नामले चिनिन पुगेको पाइन्छ । भेजाको बनोट गाउँको बनोट र भौगोलिक संरचनाका आधारमा पचास-साठी घरकुरियादेखि दुई-तीन सय घरकुरियासम्मको हुने गर्दछ । घरकुरिया र जनसङ्ख्याका आधारमा वर्तमान भेजाको साङ्गठनिक संरचना मध्यकालीन नेपालका वाइसी-चौवीसी राज्यहरूको हाराहारीमा रहेको पाइन्छ । अहिले भेजा मगर जातिको परम्परागत धार्मिक संस्था जस्तो देखिने भए पनि गाउँटोल तहमा आधुनिक राज्य प्रणालीको विधायिका, कार्यपालिका र न्यायपालिकाले झैं सीमित र परम्परागत कार्य सम्पादन गरेको पाइन्छ । वैशाख पूर्णिमाको दिन सम्पन्न गरिने चन्डीभेजालाई भेजामुके (महाधिवेशन) को रूपमा लिइन्छ र यसै अवसरमा नयाँ रीतिथिति बसाल्ने, संशोधन गर्ने, उजुरी सुनेर न्यायनिसाफ सुनाउने, आवश्यकताअनुसार भेजाको नाइके छनोट समेत गरिन्छ । गाउँठाउँअनुसार कतै माघको श्रीपञ्चमीमा, कतै चैत र कतै जेठमा समेत भेजामुके सम्पन्न गरिएको पाइन्छ । दोस्रो ठूलो भेजामुकेको रूपमा मङ्सिरे भेजा वा न्वागीभेजा र विभिन्न चाडवाड एवं उत्सवहरूमा भेजाभोरोके (बैठक) हरू सम्पन्न हुने गर्दछन् । भेजाले जीवनचक्रीय संस्कार, पूजाआजा एवं चाडवाडहरूमा आपसी भेटघाट र सरसहयोगका माध्यमबाट सामाजिक सम्बन्धलाई सुमधुर र एकताबद्ध बनाउनुका साथै परम्परागत सांस्कृतिक सम्पदाहरूलाई संरक्षण, प्रवर्द्धन र पुस्तान्तरण गर्ने प्रक्रियामा महत्त्वपूर्ण र विशेष योगदान पुऱ्याउँदै आएको छ । वर्तमान समयमा व्यापक बसाइँसराइँ, पेशा व्यवसायमा रूपान्तरण, आधुनिक प्रविधिको प्रयोग र विश्वव्यापिकरणका कारण भेजा ओझेलमा पर्दै गइरहेको छ । आदिवासी जनजातिको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरू, देशको संविधान, ऐन कानूनहरूमा समेत प्रथाजनित संस्था एवं कानूनहरूको संरक्षण र सम्बर्द्धको व्यवस्था भएकाले मगत जातिको भेजा लगायतका प्रथाजनित संस्थाहरूको मान्यता, पुनरोत्थान र संरक्षणका लागि केन्द्र सरकार देखि स्थानीय सरकारसम्म सबै जिम्मेवार बन्न आवश्यक देखिन्छ ।

## सन्दर्भ सामाग्री

अन्तर्राष्ट्रिय श्रम मापदण्ड विभाग. (२०१३). आदिवासी तथा जनजाति सम्बन्धी महासन्धि, १९८९ (नं. १६९) सम्बन्धी जानकारी. जेनेभा: अन्तर्राष्ट्रिय श्रम सङ्गठन ।

अधिकारी, सूर्यमणि. (२०६१, पुनर्मुद्रण २०६७). खश साम्राज्यको इतिहास. काठमाडौं: भुँडीपुराण प्रकाशन ।

कानून तथा न्याय मन्त्रालय. (२०४१). राज्य रजौटा ऐन, २०१७. नेपाल ऐन सङ्ग्रह खण्ड ९. काठमाडौं: कानून किताव व्यवस्था समिति ।

कानून किताब व्यवस्था समिति. (२०७५). नेपालको संविधान. काठमाडौं: नेपाल सरकार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय ।

खत्री, प्रेमकुमार. (२०५५). उत्पत्ति: मानवसभ्यताका केही पक्षको ऐतिहासिक एवं मानवशास्त्रीय अध्ययन. काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि. वि. कीर्तिपुर ।

घर्ती क्षत्री, सूर्यबहादुर. (२०६७). पाल्पाको मगर संस्कृति. (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध). त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं ।

थापा मगर, एम. एस. (२०४९). प्राचीन मगर र अक्खा लिपि. ललितपुर: दुर्गादेवी थापा मगर ।

थापा, कमलबहादुर. (२०७१). मगर जातिको परम्परागत संस्था भेजा. मगर जाति: ऐतिहासिक, सांस्कृतिक र राजनीतिक सन्दर्भ. यमबहादुर पुन र झकेन्द्र घर्तीमगर. सम्पा. पृ. २०७-२२९. काठमाडौं: मगर प्राज्ञिक समूह ।

बराल मगर, केशरजङ्ग. (२०५०). पाल्पा, तनहूँ र स्याङजाका मगरहरूको संस्कृति. काठमाडौं: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

यात्रु, कुमार. (२०७८). परम्परागत आदिवासी ज्ञान. काठमाडौं: इन्डिजिनियस मिडिया फाउण्डेशन ।

योगी, नरहरिनाथ. (२०३६). श्री मगर गुरुङ वंशावली. नवदेहली: विश्व गोर्खाली समिति ।

लामा (योन्जन), कुन्साङ. (२०७७). आदिवासी जनजातिको अधिकार र नेपालको सन्दर्भ.ललितपुर: आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

शर्मा, बालचन्द्र. (२०३३). नेपालको ऐतिहासिक रूपरेखा. (तेस्रो संस्क). वाराणसी: कृष्ण कुमारी देवी ।

श्रीस मगर, मीन. (२०७४). गलकोट खुवाक्षेत्रको मगर संस्कृति. ललितपुर: आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

---. (२०७५). चाडवाडहरूको समाजशास्त्रीय विश्लेषण. ललितपुर: आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

---. (२०७५). भार्से-अर्कुल राज्यको इतिहास. ललितपुर: जीवन-गङ्गा कल्याण कोष ।

---. (२०७९). अमूर्त संस्कृति: प्रदर्शनीकला, परम्परागत संस्था र ज्ञान. ललितपुर: आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

श्रेष्ठ, टेकबहादुर. (२०५९). पर्वत राज्यको ऐतिहासिक रूपरेखा. काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि. वि., कीर्तिपुर ।

सूचना विभाग. (२०३१). मेचीदेखि महाकाली भाग-३, (पश्चिमाञ्चल विकास क्षेत्र). काठमाडौं: श्री ५ को सरकार, सञ्चार मन्त्रालय ।

सुवेदी, राजाराम (२०४५ वैशाख-जेठ-असार). गुल्मीको नामाकरण. प्रज्ञा. १६(४), पृ. ५२ ।

--- .(२०५५). गुल्मीको ऐतिहासिक झलक. तम्घास गुल्मी: किरण पुस्तकालय ।

--- (२०५५). बाइसी राज्यको ऐतिहासिक रूपरेखा. काठमाडौं: नेपाल र एसियाली अनुसन्धान केन्द्र त्रि. वि. कीर्तिपुर ।

--- (२०६०). कास्की राज्यको इतिहास. काठमाडौं: विद्यार्थी पुस्तक भण्डार ।

--- (२०६३). मगर जातिको नालिवेली. शोधमाला, २ (१), पृ. ५-१० ।

Anderson, David G. (1996). Fluctuations between Simple and Complex Chiefdoms: Cycling in the Late Prehistoric Southeast. Pp. 233-252 in *Political Structure and Change in the Prehistoric Southeastern United States,* edited by John F. Scarry. Gainesville: University of Florida.

Aryal, B.R. & Inchley, V. M. (2005). *Maps of Nepal, histroical, ethnographic, linguistic*. Kathmandu: Shi Sam Prakashan.

Carneiro, R. L. (1981). The Chiefdom: Precursor of the State. In *The Transition to Statehood in the New World*. G. D. Jones and R. R. Kautz eds., pp. 37–79. Cambridge, UK – New York, NY: Cambridge University Press.

Dhakal, Suresh. (1996). Bheja as a Strategic Cultural Convention, Community Resource Management in the Barha Magarat. Occasional Paper in *Sociology and Anthropology 5Emerging Ethnicity and Aspects of Community Adaptation*, pp. 39-51. Kathmandu: Central Department of Sociology & Anthropology, TU.

Gurung, O. P. (1999). Local Institutions, Cultural Practices and Resource Management in a Mountain Village of west Nepal. In *Anthropology and Sociology of Nepal*. R. B. Chhetri & Om P. Gurung eds., pp. 251-274. Kathmandu: SASON.

Pandey, Ram Niwas. (1997). *Making modern Nepal.* New Delhi: Nirala publication.

Ramirez, P. (2000). From the Principality to the Nation-State: Gulmi, Argha-Khanci and the Gandaki Kingdoms. In *Resunga The Mountain of the Horned Sage.* Philippe Ramirez eds., pp. 103-142. Lalitpur: Himal Books.

Retrived from https://www.un.org/development/desa/indigenouspeoples/wp-content/uploads/sites/ 19/ 2018/11/UNDRIP_E_web.pdf

Retrived from *https://pidba.org/ anderson/cv/* Anderson%201996% 20Fluctuations%20between% 20Simple%20and%20Complex % 20Chiefdoms.pdf

UN. (2008). *United Nations DecaLration on the Rights of Indigenous Peoples*. New York: United Nations.